# काईके गाउँपालिकाको आर्थिक ऐन, २०७५

प्रस्तावना :

**काईके** गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम **काईके** गाउँसभाले ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७५" रहेको छ ।

(२) यो ऐन २०७५ सालको साउन १ गतेबाट **काईके** गाउँपालिका क्षेत्रमा लागु भएको छ ।

२. **सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र अनसचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर :** गाउँपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** :गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवरले दिएकोमा अनसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** :गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी,कवाडी र जन्यजन्तु कर** :गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर** :गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन कर** :गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर** :गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन मा अनुसुचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** :गाउँपालिका क्षेत्रभित्र आफुले निमार्ण, रेखदेख वा संचालन गरेका अनुसुचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** :गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसुचि ( १०) बमोजिम पार्किङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ ।

१२ **ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्ग शुल्क** :गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्ग व्यवसाय संचालन गरेवापत अनुसुचि (११) बमोजिम शुल्क कर लगाइने र असुल उपर गरिनेछ ।

१३ **सेवा शुल्क दस्तुर** :गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुचि ( १२) मा उल्लेखित त स्थानिय पुर्वाधार र उपलब्ध गराइएको सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१४ **पर्यटन शुल्क** :गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि (१३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५ **कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिइने छैन ।

१६ **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** :यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि : १

## काईके गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५।०७६

## कर तथा राजस्व सम्बन्धी दर

१ सिफारिस दस्तुर

| शीर्षक | आ.व. ०७५।०७६ का लागि निर्धारण गरिएका दररेटहरु |
|---|---|
| क) सिफारीस दस्तुर तर्फ | |
| साधारण सिफारीस | ५०। |
| नागरिकता सिफारीस (नयाँ) | १००। |
| " " (प्रर्तिलिपि) | १००। |
| सर्जमिन | ५००। |
| सर्जमिन सहित सिफारीस अन्य | ५००। |
| नेपालिमा गरिने सवै प्रकारका सिफारीस | १००। |
| फरक फरक नाम एउटै भन्ने सिफारीस | १००। |
| जन्ममिति प्रमाणपूर्जाको प्रतिलिपि र फोटोटाँस सिफारीस | २००। |
| विवाहित /अविवाहित प्रमाणीत सिफारीस | १००। |
| अंगिकृत नागरिकता सिफारीस | १००। |
| नाता प्रमाणीत स्वदेसशी | १००। |
| नाता प्रमाणीत विदेशि प्रयोजन | ५००। |
| नाताकायम | १००। |
| नावालक सिफारीस | १००। |
| जन्म मिति प्रमाणीत | १००। |
| वार्षिक प्रमाणीत | १००। |
| चारकिल्ला प्रमाणीत | २००। |

| | |
|---|---|
| व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र दर्ता गराएमा) | निशुल्क |
| व्यक्तिगत घटना दर्ता (३५ दिन पछि दर्ता गराएमा) | १००। |
| बसाईसराइ | ५००। |
| काठको सिफारीस | २००। |
| घरगोठ सार | २००। |
| घर गोठ प्रमाणीत | १००। |
| व्यवसाय दर्ता | २००। |
| बन्द सिफारीस | १००। |
| व्यवसाय नाम परिवर्तन सिफारीस | १००। |
| व्यवसाय नामसारी ठाउँसारी दस्तुर | ५००। |
| **ख) घर तथा जग्गा नामसारी दस्तुर** | |
| अंशवण्डाबाट पारिवारिक | ५००। |
| घरबाटो भए नभएको सिफारीस (ग्रामीण) | २००। |
| घरकायम सिफारीस दस्तुर | २००। |
| नक्सापास निवेदन तथा फाराम दस्तुर | ५००। |
| घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | २००। |
| **ग) नक्सापास दस्तुर (ग्रामिण क्षेत्र)** | |
| नक्सा नामसारी दस्तुर (बिक्रि प्रयोजनको लागि) | ५००। |
| नक्सापास जरिवाना दस्तुर | ५००। |
| नक्सा निवेदन | २००। |
| संस्थागत काठको सिफारीस | १०००। |
| **ङ) पुराना घरजग्गा नामसारी नक्सापास दस्तुर** | |
| १ तले | १००। |
| २ तले | २००। |
| सामान्य घर | २००। |
| **२. व्यवसाय कर एवं दूस्तुर (प्रति वर्ष)** | |
| **घ. अन्य** | |
| वन उपभोक्ता समिति | ५००। |
| अन्य समुह समिति | ५०। |
| आमा समुह | ५०। |
| **३. घर जग्गा (अचल सम्पति) मुल्यांकन दस्तुर** | |
| ५ लाख सम्म | १००। |
| ५ लाख देखी १० लाख सम्म | २००। |
| १० लाख देखि २० लाख सम्म | ३००। |
| २० लाख देखि ३० लाख सम्म | ४००। |
| ३० लाख देखि ५० लाख सम्म | ५००। |
| ५० लाख देखि ६० लाख सम्म | ६००। |
| ६० लाख देखि ८० लाख सम्म | ७००। |
| ८० लाख वा सो भन्दा माथि | १०००। |
| **४. नक्सा पास दस्तुर (प्रति वर्ग/फिट) नयाँ घर** | |

| क्र. सं. | बनोट | प्रति वर्ग फिट |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ढुंगा माटोको गाह्रो माटोको छाना भएको घरको | ५। |
| २ | ढुंगा माटोको गाह्रो पत्थर र टिनको छाना भएको | १०। |
| **५. नक्कल/प्रतिलिपि प्रमाणित दस्तुर रु.** | | |
| आफ्नै तर्फबाट सारेमा प्रति पनाको | | ५०। |
| कार्यालयबाट सारेमा प्रतिपानाको | | १००। |
| **६. जडिबूटि तथा खनिज दस्तुर रु.** | | |
| यार्सागुम्वा (प्रति के.जि.) | | ५०००। |
| सिलाजित (प्रति के.जि.) | | ५०। |
| जटामसि (प्रति के.जि.) | | ३०। |
| पदमचाल (प्रति के.जि.) | | १५। |
| कट्टुकि (रु. ६० प्रति के.जि.) | | १००। |
| धुपि (प्रति के.जि.) | | १०। |
| वन लसुन (प्रति के.जि.) | | ५०। |
| धुपजरा (प्रति के.जि.) | | २०। |
| अत्तिस (प्रति के.जि.) | | २५। |
| विषजरा (प्रति के.जि.) | | १५। |
| खिराइलो (प्रति के.जि.) | | ३०। |